सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिम प्रस्तुत गरिएको जिल्ला प्रशासन कार्यालय, स्याङजासँग सम्बन्धित सार्वजनिक विवरण

(२०७८ वैशाख १ देखि २०७८ असार मसान्त सम्म)

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय स्याङ्जा

१.परिचय

गण्डकीप्रदेश तथा अञ्चल अन्तर्गत पर्ने स्याङ्जा जिल्ला एक पहाडी जिल्ला हो ।यस जिल्लामा २ वटा प्रतिनिधी सभाका लागि निर्वाचन क्षेत्र रहेका छन् भने ४ वटा प्रदेश सभा सदस्यका लागि निर्वाचन क्षेत्र रहेका छन् ।पुतलबजार नगरपालिका,भीरकोट नगरपालिका, वालिङ नगरपालिका, गल्याङ नगरपालिका र चापाकोट नगरपालिका गरी जम्मा ५ वटा नगरपालिका रहेका छन् ।त्यस्तैगरी हरिनास गाउँपालिका, फेदीखोला गाउँपालिका, अर्जुनचौपारी गाउँपालिका, विरुवा गाउँपालिका, कालीगण्डकी गाउँपालिका, आँधिखोला गाउँपालिका गरी जम्मा ६ गाउँपालिका रहेका छन् । जिल्लामा जम्मा ९७ वटा वडा रहेका छन् । यस जिल्लाको सदरमुकाम पुतलीबजार समुद्री सतहबाट ८५० मीटर उचाइमा रहेको छ । समुद्र सतहबाट न्युनतम ३६६ मीटर (केलादी) देखि अधिकतम २,५१२ मीटर (पञ्चासेको लेक) सम्म उचाइमा रहेको जिल्लाको पूर्वमा तनहुं, पश्चिममा गुल्मी, उत्तरमा पर्वत र कास्की र दक्षिणमा कालीगण्डकी नदीसहित पाल्पा जिल्ला रहेका छन् । सुनौली पोखरा जोड्ने सिद्धार्थ राजमार्गले जिल्लालाई करिब बीचबाट पूर्व र पश्चिम गरी विभाजन गरेको छ । सुनौली–पाल्पा–स्याङ्जा–पोखरा–काठमाडौं सम्म पुग्ने नेपालको मुख्य लोकमार्गको रुटमा रहेको स्याङ्जा जिल्लामा हाल ७९ कि.मी. भन्दा लामो सडक क्षेत्र रहेको छ । त्यसैले यातायातको दृष्टिकोणले स्याङ्जा सुगम पहाडी जिल्ला भित्र पर्दछ । स्याङ्जा नेपालको सबै भन्दा ठूलो जल विद्युत परियोजना–कालीगण्डकी ए (१४४ मेगावाट) सबैभन्दा ठूलो पहाडी सिंचाई योजना (चापाकोट टार सिंचाई योजना ९१००० हेक्टर), नेपालको पहिलो नमुना ग्रामीण पर्यटन गाउँ "पञ्चमूलको सिरुबारी", नेपाल कै नमुना मानिने पाल्पा र स्याङ्जाको सिमानासँग जोड्ने कालीगण्डकी नदी माथि रहेको राम्दीको पुल खास विशेषताहरु हुन् भने यसले दूध, सुन्तला, अदुवा र कफी उत्पादन गर्ने जिल्लाको रुपमा आफ्नो पहिचान स्थापित गरिसकेको छ । राष्ट्रिय जनगणना २०६८, अनुसार स्याङ्जाको जनसङ्ख्या २,८९,१४८ रहेको छ । यो जिल्लाले नेपालको क्षेत्रफलको ०.७९ प्रतिशत र जनसंख्याको १.०९ प्रतिशत अंश ओगटेको छ । ७७ जिल्ला मध्ये स्याङ्जा क्षेत्रफलमा ६४औं र जनसंख्यामा ३३औं स्थानमा रहेको छ ।

२. ऐतिहासिक परिचय

विभिन्न अभिलेख र जानिफकार व्यक्तिहरुको कथन समेतको आधारमा स्याङ्जा जिल्लालाई प्रागः ऐतिहासिक कालमा भृगु ऋषिको तपस्यास्थल (हालको चण्डीभञ्ज्याङ्ग गाविसको भृगतुम), श्रवण कुमार र अन्धाअन्धीको किंवदन्तीसंग जोडिएको आँधीखोलाको उद्गमस्थल अन्धाअन्धी दह र स्वस्थानी ब्रतकथामा उल्लेख भए अनुसार सती देवीको शेषअंग पतन भएको छाङ्छाङ्दीको छाँया क्षेत्र आदिको भौगोलिक स्वरुपमा लिन सकिन्छ । प्राचीन कालमा हालको स्याङ्जा जिल्लाको भूबनोट दक्षिण र दक्षिण पश्चिमको पवित्र धार्मिक नदी कालीगण्डकी किनारका सेतीबेणी, रुरु क्षेत्र, केलादीघाट, राम्दीघाट, छाँया क्षेत्र हुँदैं उत्तर पञ्चासेधाम (बालाचतुर्दशीका दिन मेला लाग्ने स्थान) वरिपरिको धार्मिक पवित्रस्थल भनी शास्त्रहरुमा

हरि प्रसाद शर्मा
सहायक प्रमुख जिल्ला अधिकारी



दिपकराज नेपाल
प्रमुख जिल्ला अधिकारी

उल्लेख भएको पाइन्छ । प्राकृतिक, सांस्कृतिक र मनोरम दृश्यहरुबाट सौन्दर्यित स्याङ्जा जिल्लाले, नेपाल एकीकरण पूर्व चौबिसे राज्य अन्तर्गत छ टुक्रे रजौटाहरु गह्रौं, भीरकोट, सतौ, नुवाकोट, ढोर र पैंयुले आफ्नो ऐतिहासिक पहिचान बोकेको छ । ढोर र पैंयुको धेरै जसो भूभाग क्रमशः तनहुँ र पर्वतमा विलय भएपछि बाँकी चार रजौटाबाट शासित भूभाग नै आधुनिक स्याङ्जा जिल्लाको पहिचान बनेर रहेको छ । यस जिल्लाको क्षेत्रफल ११६४ वर्ग कि.मी. रहेको छ ।

### ३. जिल्ला प्रशासन कार्यालय, स्याङजाको स्वरुप र प्रकृतिः

जिल्लामा शान्ति, सुरक्षा र सुब्यबस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो। यस कार्यालयका काम, कर्तब्य र अधिकारहरुलाई खासगरी स्थानीय प्रशासन ऐन, २०२८ ले ब्यवस्था गरेको छ। जिल्लामा बिकास निर्माण कार्यहरुको लागि उपयुक्त वातावरण निर्माण गर्न समन्वय र सहजीकरण, विपद् व्यवस्थापन, आपूर्ति व्यवस्थापन, सेवा प्रवाहको अनुगमन, प्रचलित कानूनमा तोकिएका विषयहरुमा न्याय निरुपण, आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रण जस्ता कार्यहरु सम्पादन गरी जिल्लामा सुशासनको प्रत्याभूतिका लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको हुन्छ।

जिल्ला प्रशासन कार्यालय, स्याङजाले यस जिल्लालाई शान्त, सुरक्षित र समुन्नत बनाउने दुरदृष्टि (vision) का साथ विधिको शासन अवलम्वन गरी शान्ति सुरक्षाको अवस्थालाई सुदृढ बनाउँदै प्रभावकारी सेवा प्रवाहको माध्यमद्वारा सुशासनको प्रत्याभूति गर्ने लक्ष्यहरु (goals) लिएर काम गरिरहेको छ। यी लक्ष्यहरु प्राप्तिका लागि यस कार्यालयले सुरक्षा निकायहरुको समन्वयात्मक परिचालनद्वारा जिल्लामा शान्ति सुरक्षाको स्थितिलाई सुदृढ बनाउने, जिल्लामा विधिको शासन सुनिश्चित गर्ने, विपद्को एकीकृत र समन्वयात्मक व्यवस्थापन गर्ने, आपूर्ति व्यवस्थापनलाई चुस्त बनाउने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने, मानव अधिकारको संरक्षण गर्ने र पारदर्शिता एवं जवाफदेहिता सुनिश्चित गर्ने उद्देश्यहरु (objectives) लाई आत्मसात गरेको छ।

### ३.१ जिल्ला प्रशासन कार्यालय, स्याङजाको काम, कर्तव्य र अधिकारः

क) जिल्लामा शान्ति, सुरक्षा र सुब्यबस्था कायम गर्ने।
ख) जिल्लामा संचालित विकास कार्यहरुमा सहयोग र समन्वय गर्ने।
ग) जिल्लामा रहेका नेपाल सरकारका सम्पत्तिहरुको संरक्षण गर्ने।
घ) जिल्लामा आइपर्ने विपद्हरुको ब्यबस्थापन गर्ने।
ङ) जिल्लामा वस्तुहरुको आपूर्तिलाई ब्यबस्थित गर्ने।
च) जिल्लास्थित सार्वजनिक निकायहरुको कार्य सम्पादनमा समन्वय गर्ने।
छ) प्रचलित कानूनद्वारा तोकिएका विषयहरुमा न्याय निरुपण गर्ने।
ज) नागरिकताको प्रमाणपत्र वितरण गर्ने।
झ) हातहतियारको इजाजत प्रदान तथा नवीकरण गर्ने।
ञ) राहदानी सम्वन्धी कार्य गर्ने।
ट) संस्था दर्ता तथा नवीकरण गर्ने।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय स्याङ्जा

हरि प्रसाद शर्मा
सहायक प्रमुख जिल्ला अधिकारी



दिपकराज नेपाल
प्रमुख जिल्ला अधिकारी

ठ) प्रचलित कानून र नेपाल सरकारको निर्देशन बमोजिम अन्य विविध कार्यहरु गर्ने।

ड) राष्ट्रिय परिचय पत्रके विवरण दर्ता र वितरण

ढ) जाति, जनजाति प्रमाणित

ण) नाबालक परिचयपत्र वितरण गर्ने ।

त) नाता प्रमाणित गर्ने ।

थ) जग्गा प्रासिका कार्यहरू गर्ने ।

द) वैदेशिक रोजगारीमा ठगी सम्बन्धी ।

ध) पत्रपत्रिका तथा छापाखाना दर्ता

न) जिल्लामा ज्यालाको दररेट निर्धारण गर्ने ।

**३.२ जिल्ला प्रशासन कार्यालय, स्याङजामा रहेको कर्मचारीदरबन्दी संख्या र कार्यविवरण:**

| सि.नं. | पद | दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | १ | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | १ | |
| ३ | प्रशासकीय अधिकृत | २ | |
| ४ | नायव सुव्वा | ७ | |
| ५ | लेखापाल | १ | |
| ६ | कम्प्युटर अपरेटर | २ | |
| ७ | खरिदार | ४ | |
| ८ | हलुका सवारी चालक | २ | |
| ९ | कार्यालय सहयोगी | ७ | |
| | राष्ट्रिय परिचयपत्र तर्फ | | |
| १ | कम्प्युटर अपरेटर | २ | |
| २ | दर्ता सहयोगी | १ | |
| | जम्मा | ३० | |

**३.३ जिल्ला प्रशासन कार्यालय, स्याङजाबाट प्रदान गरिने सेवा:**

**क) स्थानीय प्रशासन तथा शान्ति सुरक्षा सम्वन्धी सेवा:**

- नाम थर वा उमेर आदि प्रमाणित।
- नावालकको उमेर प्रमाणित।
- पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्वन्धी सिफारिस।
- दलित, मधेसी, आदिवासी जनजाति प्रमाणित।
- पत्रपत्रिका दर्ता।
- छापाखाना दर्ता।
- पारिवारिक विवरण प्रमाणित।
- नाता प्रमाणित।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय स्याङ्जा

हरि प्रसाद शर्मा
सहायक प्रमुख जिल्ला अधिकारी

दिपकराज नेपाल
प्रमुख जिल्ला अधिकारी

- विविध कार्य।

ख) राहदानी सम्वन्धी सेवाः

- राहदानी फाराम संकलन।
- राजश्व जम्मा गर्न लगाउने ।
- द्रुत सेवाको लागि अभिलेख प्रमाणित।
- राहदानी वितरण।
- MRP को विवरण संशोधनको लागि सिफारिस।

ग) नागरिकता सम्वन्धी सेवाः

- वंशजको आधारमा नागरिकताको प्रमाण पत्र वितरण।
- वैवाहिक अंगीकृत नागरिकताको प्रमाण पत्र वितरण।
- नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वितरण।
- सामान्य संशोधन।

घ) मुद्दा तथा ठाडो उजुरी सम्वन्धी सेवाः

- गुनासो वा ठाडो उजुरी।
- सार्वजनिक अपराध

ङ) हातहतियार इजाजत तथा नवीकरणः

हातहतियार इजाजत, नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण।

च) पेन्सन सिफारिस सम्वन्धी सेवाः

पारिवारिक पेन्सन, शपथ पत्र, दुई नामथर र जन्ममिति प्रमाणित, रहलपहल सम्वन्धी सिफारिस ।

छ) संस्था दर्ता तथा नवीकरण सम्वन्धी सेवाः

- संस्था दर्ता।
- संस्था नवीकरण।
- संस्थाको विधान संशोधन।
- जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति।

ज) आपूर्ति व्यवस्था अनुगमन सम्वन्धी सेवाः

- सहज आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नका लागि वजार अनुगमन तथा नियमन।

झ) विपद् व्यवस्थापन सम्वन्धी सेवाः

- जिल्ला विपद् ब्यबस्थापन समितिको वैठक आयोजना।
- विपद् सम्वन्धी कार्ययोजना निर्माण।
- विपद् न्यूनीकरणका लागि तयारी।
- विपद्मा भएको क्षति विवरण संकलन।
- विपद्मा पीडित भएकाहरुलाई क्षतिपूर्ति एवं राहत वितरण तथा पुनःस्थापना।

ञ) अख्तियार दुरुपयोग अनुसन्धान सम्वन्धी सेवाः

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय स्याङ्जा

हरि प्रसाद शर्मा
सहायक प्रमुख जिल्ला अधिकारी



दिपकराज नेपाल
प्रमुख जिल्ला अधिकारी

- अख्तियार दुरुपयोग सम्वन्धी प्राप्त उजुरी एवं निवेदनहरु उपर छानवीन।

ट) जग्गा प्राप्ति सम्बन्धी सेवाः

- सूचना प्रकासन ।
- मूल्य निर्धारण ।
- जग्गा प्राप्ति ।

३.४ जिल्ला प्रशासन कार्यालय, स्याङजामा रहेका शाखा र जिम्मेवार कर्मचारीः

| सि.नं. | शाखाको नाम | जिम्मेवार कर्मचारी | कैफियत |
|---|---|---|---|
| १ | स्थानीय प्रशासन, शान्ति सुरक्षा, हातहतियार, संघसंस्था, पेन्सन सिफारिस तथा प्रशासन शाखा | ना.सु.बुद्धि प्रसाद शर्मा | |
| २ | राहदानी शाखा | खरिदार मोहन राज पौडेल | |
| ३ | नयाँ नागरिकता शाखा | क.अ. विष्णु प्रसाद चापागाईं | |
| ५ | मुद्दा शाखा | ना.सु. राम प्रसाद पौडेल | |
| ६ | प्रतिलिपि नागरिकता शाखा | ना.सु. रुद्र प्रसाद पोखरेल | |
| ७ | लेखा शाखा | ले.पा. प्रेम नारायण अर्याल | |

नोटः उल्लिखित सबै शाखामा जिम्मेवार अधिकारीहरूको रूपमा प्रशासकीय अधिकृत राजेन्द्र शर्मा र प्रशासकीय अधिकृत उज्वल बहादुर बस्नेत तोकिनुभएको छ ।

३.५ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

| सि.नं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु | लाग्ने अवधि | कै |
|---|---|---|---|---|
| १ | वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण | १०। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २ | नागरिकताको प्रतिलिपि वितरण | २०। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ३ | वैवाहिक अंगिकृत नागरिकताको प्रमाण पत्र वितरण | १०। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ४ | राहदानी फाराम संकलन | २५००। नावालक (१०बर्ष मुनीका) ५०००। साधारण | प्रक्रिया पुगेकै दिन | |
| ५ | द्रुत सेवा अभिलेख प्रमाणित | | प्रक्रिया पुगेकै दिन | |
| ६ | राहदानी वितरण | | तुरुन्तै | |
| ७ | गुनासो वा ठाडो उजुरी | १० को टिकट | यथाशीघ्र | |
| ८ | नाम थर उमेर आदि प्रमाणित | १० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ९ | नावालकको उमेर प्रमाणित | १० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १० | पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्वन्धी सिफारिस | १० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ११ | संस्था दर्ता | १०००। | प्रक्रिया पुगेकै दिन | |
| १२ | संस्था नवीकरण | ५००। | प्रक्रिया पुगेकै दिन | |
| १३ | संस्थाको विधान संशोधन | १० को टिकट | प्रक्रिया पुगेकै दिन | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय स्याङ्जा

बुद्धि प्रसाद शर्मा
सहायक प्रमुख जिल्ला अधिकारी



दिपकराज नेपाल
प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| १४ | जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति | १० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १५ | दलित, मधेशी, आदिवासि सिफारिस | १०। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १६ | पत्रपत्रिका दर्ता | दैनिक १०००।<br>साप्ताहिक ५००।<br>पाक्षिक ३००।<br>मासिक २००। | प्रक्रिया पुगेकै दिन | |
| १७ | छापाखाना दर्ता | १०००। | प्रक्रिया पुगेकै दिन | |
| १८ | हातहतियार नामसारी | १०००। | प्रक्रिया पुगेकै दिन | |
| १९ | हा.ह. जिल्ला भित्रको नवीकरण | १५०। | प्रक्रिया पुगेकै दिन | |
| २० | हा.ह. नेपाल भरिको नवीकरण | ३००। | प्रक्रिया पुगेकै दिन | |
| २१ | नाम थर जन्म मिति संशोधन | १०। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २२ | नाता प्रमाणित | १०। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २३ | क्षतिपूर्ति एवं राहत वितरण | | प्रक्रिया पुगेकै दिन | |
| २४ | सार्वजनिक अपराध सम्वन्धी मुद्दा | १०। को टिकट | कानून वमोजिम | |
| २५ | अख्तियार दुरुपयोग सम्वन्धी मुद्दा | १०। को टिकट | यथाशीघ्र | |
| २६ | अन्य मुद्दा | १०। को टिकट | यथाशिघ्र | |

**३.६ निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

**क) निर्णय गर्ने प्रक्रियाः**

सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ एवं सूचनाको हक सम्वन्धी ऐन, २०६४ लगायत प्रचलित कानून बमोजिम।

**ख) निर्णय गर्ने अधिकारीः**

- प्रमुख जिल्ला अधिकारी।
- सहायक प्रमुख जिल्ला अधिकारीः प्रमुख जिल्ला अधिकारीवाट अधिकार प्रत्यायोजन भए बमोजिम।

**३.७ निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

प्रचलित कानून बमोजिम।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
स्याङ्जा

हरि प्रसाद शर्मा
सहायक प्रमुख जिल्ला अधिकारी

दिपकराज नेपाल
प्रमुख जिल्ला अधिकारी

३.८ सम्पादन गरेको कामको विवरणः २०७८ वैशाख १ देखि २०७८ असार मसान्तसम्म

| सि.नं. | सम्पादन गरेको काम | कामको परिमाण | कैफियत |
|---|---|---|---|
| १ | नागरिकता वितरण (प्रतिलिपि वाहेक) | ५२१ | |
| २ | वैवाहिक अंगिकृत नागरिकता | - | |
| ३ | राष्ट्रिय परिचय पत्र विवरण संकलन | ६९० | |
| ४ | पुरानो नागरिकताको अभिलेखिकरण | पहिला नै सकिएको | |
| ५ | नागरिकताको प्रतिलिपि वितरण | ४५३ | |
| ६ | राहदानी सिफारिस | ६१० | |
| ७ | राहदानी वितरण | ६६७ | |
| ८ | गुनासो वा ठाडो उजुरी | ० | |
| ९ | नावालक परिचयपत्र | ३३ | |
| १० | छापाखाना दर्ता | ० | |
| ११ | पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्वन्धी सिफारिस | ४१५ | |
| १२ | संस्था दर्ता | २ | |
| १३ | संस्था नवीकरण | १५ | |
| १४ | संस्थाको विधान संशोधन | - | |
| १५ | दलित, मधेशी, आदिवासि सिफारिस | १०५ | |
| १६ | पत्रपत्रिका दर्ता | ० | |
| १७ | हातहतियार नामसारी | ० | |
| १८ | हातहतियार जिल्ला भित्रको नवीकरण | १२ | |
| १९ | हातहतियार नेपाल भरिको नवीकरण | ० | |
| २० | विपद् पीडितलाई राहत वितरण | रु २१००००० | |
| २१ | द्वन्द पीडितलाई राहत रकम | नभएको | |
| २२ | विदेशमा मृत्यु भएका व्यक्तिका परिवारलाई क्षतिपूर्ति वितरण | नभएको | |
| २३ | सार्वजनिक अपराध सम्वन्धी मुद्दा | दर्ता-४२<br>फैसला-७०<br>बाँकी -१४ | अघिल्लो आ.व.बाट यस आ.व.मा सरी आएका-८० |
| २४ | अख्तियार दुरुपयोग सम्वन्धी मुद्दा | ० | |
| २५ | एकीकृत घुम्ति शिविर आयोजना | ० | |
| २६ | वजार अनुगमन | २ | |
| २७ | विकास आयोजना निरिक्षण | ० | |
| २८ | सार्वजनिक सुनुवाई कार्यक्रमहरुको समन्वय | ० | |
| २९ | प्रकोप प्रभावित क्षेत्रहरुको स्थलगत निरिक्षण | ० | |
| ३० | सेवाग्राही सन्तुष्टि स्तरको मापन | | |

दिपकराज नेपाल
प्रमुख जिल्ला अधिकारी

हरि प्रसाद शर्मा
सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
स्याङ्जा

| | | | |
|---|---|---|---|
| ३१ | राजनीतिक दलहरु, गै.स.स. र नागरिक समाज संगको समन्वय | निरन्तर | |

३.९ सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पदः

क) कार्यालय प्रमुखः

- नामः दिपकराज नेपाल
  पदः प्रमुख जिल्ला अधिकारी

ख) सूचना अधिकारीः

- नामः हरि प्रसाद शर्मा
  पदः सहायक प्रमुख जिल्ला अधिकारी

३.१० ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः

- स्थानीय प्रशासन ऐन, २०२८
- नेपाल नागरिकता ऐन, २०६३
- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- हातहतियार तथा खरखजना ऐन, २०१८
- आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७
- आवश्यक वस्तु संरक्षण ऐन, २०१२
- भ्रष्टाचार नियन्त्रण ऐन, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- राहदानी ऐन, २०२४
- सार्वजनिक सुरक्षा ऐन, २०४६
- संस्था दर्ता ऐन, २०३४
- जग्गा प्राप्ति ऐन, २०३४
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- सूचनाको हक सम्वन्धी ऐन, २०६४
- सूचनाको हक सम्वन्धी नियमावली, २०६५
- नेपाल नागरिकता नियमावली, २०६३
- राहदानी नियमावली, २०६७
- संस्था दर्ता नियमावली, २०३४
- हातहतियार तथा खरखजना नियमावली, २०२८
- सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५
- विपद् जोखिम न्यूनिकरण तथा व्यबस्थापन ऐन, २०७४
- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय स्याङ्जा

हरि प्रसाद शर्मा
सहायक प्रमुख जिल्ला अधिकारी

दिपकराज नेपाल
प्रमुख जिल्ला अधिकारी

- गृह प्रशासन सुदृढीकरण योजना, २०६८
- नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६८
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६८
- गृह मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरुको आचारसंहिता, २०६९
- सूचनाको हक सम्बन्धी नियमावली, २०६५

३.११ आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्वन्धी अद्यावधिक विवरणः २०७८ वैशाख १ देखि २०७८ असार मसान्तसम्म ।

- उठेको जम्मा राजश्वः १४९१२७५.००
- जम्मा खर्चः

  चालु रु.४६६५५९३३.००

  पूँजीगत रु ४४९४२४.००

  प.प. ३१९३५०.००

  <u>बजार अनुगमनः ४३६००.००</u>

  जम्माः ५४.७७.९७३.३०
- यस अबधिमा कायम भएको जम्मा वेरुजुः पछिल्लो ३ वर्षमा बेरुजु नभएको ।
- फछ्यौंट भएको जम्मा वेरुजुः पछिल्लो ३ वर्षमा बेरुजु नभएको ।

३.१२ तोकिए बमोजिमका अन्य बिबरणः

३.१३ अघिल्लो बर्षमा संचालित कार्यक्रमको बिबरणः

३.१४ जिल्ला प्रशासन कार्यालय स्याङजाको वेभसाइट, इ.मेल, फेसबुक, ट्विटर

website: daosyangja.moha.gov.np
email: syangjadao.42@gmail.com
facebook: www.facebook.com/daosyangja
twitter: www.twitter.com/@daosyangja

३.१५ प्राप्त वैदेशिक सहायता, अनुदान, ऋण एवं प्राबिधिक सहयोगः

प्राप्त नभएको ।

३.१६ यस आ.व.मा संचालित कार्यक्रम र सोको प्रगति विवरणः

३.१७ सूचनाको हक अन्तर्गत सूचनाको हक माग्ने र पाउनेको विवरणः

२०७८ वैशाख १ देखि २०७८ असार मसान्तसम्म सूचनाको हक अन्तर्गत सूचना १ पटक माग भएको ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
स्याङ्जा

हरि प्रसाद शर्मा
सहायक प्रमुख जिल्ला अधिकारी

दिपकराज नेपाल
प्रमुख जिल्ला अधिकारी